नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
# प्रदेश परीक्षा व्यवस्थापन कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर , सुर्खेत

पत्र संख्या:०८३/८४
च. नः 96

मिति:२०८३/४/१३

श्री प्राविधिक धार (कक्षा ९-१२) संचालन भएका विद्यालयहरु सबै,
सुर्खेत/दैलेख/जाजरकोट/डोल्पा/जुम्ला/कालिकोट/मुगु/हुम्ला ।

विषयः व्यवहारिक अभ्यास(ojt) मूल्यांकन सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय(कक्षा ११/१२) सानोठिमी, भक्तपुरको च.न. २२, मिति २०८३/४/१२ को प्राप्त पत्रानुसार त्यस विद्यालयबाट कक्षा-१२ को वार्षिक परीक्षा दिई व्यवहारिक अभ्यासमा रहेका विद्यार्थीहरुको तोकिए वमोजिमको प्रकृया र अवधि पुरा गरि खटाइएका बाह्य परिक्षकबाट मूल्यांकन गराई यस कार्यालयमा आवश्यक कागजातहरु पेश गर्नुहुन प्राप्त पत्रको प्रतिलिपी समेत यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

(महेशदत्त देवकोटा)
कार्यालय प्रमुख

बोधार्थ:
श्री राष्ट्रिय परीक्षा बोर्ड(कक्षा ११ र १२) सानोठिमी, भक्तपुर ।
श्री कम्प्यूटर शाखा: webside मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर, नेपाल
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

पत्र संख्या :- २०८३/०८४
च.नं. : २२

मिति : २०८३/०४/१२

**विषय :- व्यावहारिक अभ्यास (OJT) को मूल्याङ्कन गराउने सम्बन्धमा ।**

आवश्यक श्री नरेशजी
विद्यालयहरूलाई जानकारी गराउने ।
२०८३/४/१३

**श्री राष्ट्रिय परीक्षा बोर्ड,**
**प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, सबै ।**
**शाखा कार्यालय, सबै ।**

दर्ता नं. : ४९
दर्ता मिति : २०८३/४/१२

प्रस्तुत विषयमा २०८३ सालको कक्षा १२ को वार्षिक परीक्षा अन्तर्गत प्राविधिक तथा व्यावसायिक धारतर्फको परीक्षामा सहभागी भएका परीक्षार्थीहरूले व्यावहारिक अभ्यास (OJT) मूल्याङ्कनका लागि तोकिएको कार्यथलोमा गई नियमानुसार व्यावहारिक अभ्यास (OJT) गरेको व्यहोरा सम्बन्धित विद्यालयबाट जानकारी प्राप्त भएको अवस्थामा त्यस्ता विद्यार्थीहरूको मूल्याङ्कनका लागि व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०८३ को दफा १९ बमोजिम वाह्य परीक्षक खटाई अन्तिम मूल्याङ्कन गरी गराई निर्देशिकाको अनुसूची ९ अनुसारको ढाँचामा विद्यालयबाट प्राप्त प्राप्ताङ्क प्रमाणित गरी यस कार्यालयमा पठाउनुहुन निर्देशानुसार अनुरोध छ । साथै व्यावहारिक अभ्यास पूरा गर्नका लागि तपसिल बमोजिमको कार्यदिन र मापदण्ड पूरा गरेको हुनुपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

<u>तपसिल</u>

१) कक्षा १२ को व्यावहारिक अभ्यासको लागि नियमानुसार वैशाख २८ गतेपछि सम्बन्धित कार्यथलोमा ७० दिन (हप्तामा बढीमा ६ दिन र प्रति दिन ६ कार्यघण्टा) व्यावहारिक अभ्यासका लागि कार्यथलोमा खटिएको सम्बन्धमा कार्यथलो र सम्बन्धित विद्यालयबाट प्रमाणित कागजात पेश गरेको अवस्थामा मिति २०८३/०४/१५ गतेपछि व्यावहारिक अभ्यासको मूल्याङ्कन प्राप्ताङ्क पठाउन सकिने ।

*पुनश्च : व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०८३ बोर्डको* ***website*** *मा रहेको व्यहोरा अनुरोध छ ।*

(कृष्ण प्रसाद घिमिरे)
उपनियन्त्रक

बोधार्थ:
श्रीमान् अध्यक्षज्यू, राष्ट्रिय परीक्षा बोर्ड ।
श्रीमान् सदस्य-सचिवज्यू, राष्ट्रिय परीक्षा बोर्ड ।